सम्पूर्ण श्रमजिवी किसान एकजुट हौं !

# अखिल नेपाल किसान महासंघ
# All Nepal Peasants' Federation
केन्द्रीय समिति
Central Committee

मितिः २०८२/५/९

## प्रेस विज्ञप्ती

नेपाली उखु किसानहरूले गत आर्थिक बर्षको पाउनुपर्ने अनुदान रकम भुक्तानीको माग राख्दै देशका विभिन्न जिल्लाबाट काठमाडौँको माइतीघरमा जम्मा भएर २०८२ साल भदौ ८ गतेदेखि गरिरहेको धर्नाको कार्यक्रमप्रति अखिल नेपाल किसान महासंघको गम्भीर रूपमा ध्यानाकर्षण भएको छ। उखु किसानले हरेक वर्ष आफ्नो उत्पादनमा समर्थन मूल्यवापत पाउनु पर्ने रकम सरकारले हठात् रोक्ने काम गरेको छ। बिनाकारण सरकारले लिएको यस अव्यवहारिक निर्णय विरुद्ध उखु किसानले सचेत गराए, ज्ञापन पत्र दिए, मुलुकका बिभिन्न स्थानमा विरोध प्रदर्शन गरे तर पनि समस्या समाधान भएन । स्मरणरहोस्, किसान महासंघले समेत पटक-पटक उखु किसानका समस्याहरू समाधान गर्न सरकारको ध्यानाकर्षण गराउँदै आएको थियो । तर किसानको उचित आग्रह र आवाजको सुनुवाई भएन। त्यसैले अहिले बाध्य भएर आफ्नो माग पूरा गराउन संघर्षमा उत्रन उखु किसान बाध्य भएका छन्। हाम्रो संगठन उखु किसानको यस धर्ना कार्यक्रमप्रति हार्दिक ऐक्यबद्धता जाहेर गर्दै शीघ्रातिशीघ्र माग पूरा गर्न सरकार समक्ष जोडदार माग गर्दछ । उखु किसानको गत वर्षको बक्यौता रकम शतप्रतिशत उपलब्ध गराउन र आगामी वर्षको लागि उखुको न्यूनतम समर्थन मूल्य तोक्न समेत सरकारसँग माग गर्दछौं। यसैगरी, उखु उत्पादक किसानलाई नीति निर्माणको तहमा प्रतिनिधित्व गर्ने गराउने व्यवस्था गरी उखु क्षेत्रका समस्या समाधान गर्ने तथा उखु उत्पादनको विकास र विस्तार गर्ने विषयमा ध्यान पुऱ्याउन समेत आग्रह गर्दछौं। यसका निम्ति आन्दोलनरत उखु किसानसँग वार्ता गरी समस्याको दिगो समाधान पहिल्याउन समेत हामी सरकारसमक्ष जोडदार माग गर्दछौं। अब पनि सम्बन्धित निकायले उखु किसानका अत्यन्त जायज मागहरु पूरा नगरी अकर्मण्ता प्रकट गर्दछ भने यसबाट उत्पन्न हुने गम्भीर परिस्थितिको जिम्मेवारी अरु कसैले होइन स्वयं सरकारी निकायले नै लिनुपर्नेछ भन्ने समेत अवगत गराउन चाहन्छौं।

डा.प्रेम दंगाल
अध्यक्ष